# गंगटा र भुवानहरू

–बालकृष्णथपलिया

यसपालिको मंसिरमा
नयाँधानभित्र्याउन
असार रोपेकाथियौं
वडादुःखसँग

असार ल्याउनपनियुगकुर्न पऱ्यो
लामोखडेरी पछि
जवआँधीआयो ,हुरी बतास आयो र भत्कायो सामन्तीपहाड
अनिबल्ल सुरु भयो मनसुन र
रोप्यौ छिपछिपे हिलोमा रोपाहरू

नयाँआशा ,नयाँउत्साहलिएर
नयाँउमङ्ग ,नयाँभविष्य साँचेर
सन्ततिलाई अनिकालबाटजोगाउन
भोकमरी र कुपोषणबाटजोगाउन
नयाँधान रोपे पनि
व्यवधानहटेको छैन
दिगो समाधानखोजिएको छैन

म वासीबिदाको अपेक्षामा
मिठो सपनाबुनेर
निदाउँनखोज्दानखोज्दै
जागाहुँदा रैछन्
गंगटा, भ्यागुतार सर्पहरू
सायद मन पर्दैन उनीहरूलाई
गह्राभरि जमेको पानी
लहलह परेका रोपाहरू
धान्न सक्दैनन् क्यार
पहेलपुर अनाजहरू
त्यसैले त षडयन्त्रगर्छन्
रोपेकै भोलिपल्टबाट
र निम्त्याउँछन् भुवान
अनिफटाउँछन् भाँजाहरू

अनि
म कहिले मेघदूत सराप्छु

कहिले छिमेकीहकार्छु
कहिले कुलो ,मुहानमानिहुँखोज्छु
अनिबहुलाउँछु आफैसँग
झगडागर्छु आफन्तहरूसँग

गंगटाहरू चरमा लुकी लुकी
ढाबुल्कामापौडिन्छन्
छाँयाकतै मेरो देखीहच्के पनि
मौका पर्नसाथ
दोह्र्याउँछन् पुर्ववत् घटनाहरू

आँखाकानछल्नभुवानटाल्नखोजे पनि
धान्न सक्दैन त्यसले पानीको आकाँक्षालाई
हो म त्यसै बेला
ढाबुल्काधमिल्याएर
नयाँमाछाको खोजीमाजुट्छु
भाजाँफाटेको खेत विर्षन्छु
लालाबाला र भविष्यबिर्षन्छु ।

सल्यानटार १ धादिङ्ग,
हाल: चितवन